# सम्पूर्ण नगरवासीहरुमा रतुवामाई नगरपालिका मोरङको अनुरोध

१. नगरपालिकालाई सफा, स्वच्छ र हराभरा बनाउने काममा जुटौं ।
२. नगरपालिकालाई क्षेत्र भित्र रहेका सडक सार्वजनिक स्थलमा जथाभावी फोहोर नफालौं ।
३. आफ्नो घर आँगन, नगर आफैं सफा गरौं ।
४. सड्ने र नसड्ने फोहोर छुट्याई नसड्ने फोहोर मात्र निस्काशन गरौं । सड्ने फोहोर आफैं व्यवस्थापन गरौं ।
५. प्लास्टिक जथाभावी नफालौं । प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सहयोग गरौं ।
६. सवारी साधनहरु तोकिएको ठाउँमा मात्र पार्किङ गरौं ।
७. शहरी यातायातलाई व्यवस्थित र सुरक्षित बनाउन ट्राफिक नियमको पूर्ण पालना गरौं
८. जथाभावी फोहोरमैला फालेर शहरी वातावरण नबिगारौं ।
९. सार्वजनिक जग्गाहरु मिचेर जथाभावी संरचना निर्माण नगरौं ।
१०. सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
११. वातावरणमैत्री गाउँ बनाउन सहयोग पुऱ्याऔं ।
१२. वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर २ वटा विरुवा अनिवार्य रुपमा रोपी हरियाली बनाऔं ।
१३. नगरपालिकालाई क्षेत्रभित्र रहेका सडक बाटोहरुमा आफ्ना पशु चौपाया नछाडौं ।
१४. सडक तथा पेटी किनारामा अवरोध हुने गरी निर्माण सामग्री राख्ने तथा ब्यापार व्यवसाय गर्ने नगरौं ।
१५. बसोबास स्थल, छर छिमेकमा वाधा पर्ने गरी कुखुरा, बंगुर, सुँगुर नपालौं ।
१६. शहरी सौन्दर्यमा बाधा पर्ने गरी पशु चौपाया वध/काटमार नगरौं ।
१७. बजारमा जथाभावी पशुपंक्षी नछाडौं ।
१८. शहरी सुशासन कायम गरौं ।
१९. नगरपालिकाबाट इजाजत लिएर र घर नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
२०. अनुमति लिएर मात्र पसल व्यवसाय सञ्चालन गरौं । समयमा वार्षिक नविकरण गरौं
२१. नगरपालिकालाई तिर्नुपर्ने राजश्व (कर) समयमा नै तिर्ने बानी बसालौं ।
२२. बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक पूर्वाधार तयार गरौं ।
२३. ३५ दिन भित्र अनिवार्य रुपमा व्यक्तिगत घट्ना दर्ता गरौं ।
२४. होटल, सवारी साधन, कल कारखाना, उद्योग धन्दामा १४ बर्ष मुनिका बालबालिकालाई श्रमिकको रुपमा काममा नलगाऔं ।
२५. बालिबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
२६. बालश्रम शोषणमुक्त नगरको स्थापना गरौं ।
२७. नगरपालिकालाई बालश्रम मुक्त नगरपालिका बनाउने अभियानमा सहयोग पुऱ्याऔं
२८. उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
२९. उपभोक्ता आचारसंहिता पालना गरौं ।
३०. विकास निर्माणमा कार्यमा जनसहभागिता जुटाऔं ।
३१. नगरको समग्र विकास निर्माणमा सचेत र सकारात्मक सहयोग गरौं ।
३२. भएका विकास निर्माण कार्यको संरक्षण गरौं । विकासलाई दिगो बनाऔं ।
३३. दुर्व्यसनीबाट बचौं र बचाऔं ।
३४. महिलालाई सम्मान गरौं । महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
३५. घरेलु हिंसा बिरुद्ध डटेर लडौं । सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
३६. ऐतिहासिक पहिचान बचाऔं । पुरातात्विक वस्तुहरुको संरक्षण गरौं
३७. प्रत्येक आर्थिक बर्षको असार मसान्त भित्र नगरपालिकालाई बुझाउनु पर्ने सबै प्रकारका व्यवसायीक कर मालपोत/एकिकृत सम्पती कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
३८. अर्कालाई दुर्गन्ध नआउने गरी आफ्नो हकको जग्गामा चर्पी तथा सेफ्टी टंयाङ्क अनिवार्य रुपमा बनाउनु पर्नेछ र सो स्थानमा ढलको व्यवस्था नभएको खण्डमा आवश्यकता अनुसार सोकपिट पनि बनाउनु पर्नेछ ।
३९. सार्वजनिक वा साझेदारी रुपमा छाडेको जग्गामा काम भएको बाटो र निकाश बन्द गर्नु हुँदैन ।
४०. सडक बाटो, ढल, मंगल, पाटी पौवा, देवदेवालय, आदि सार्वजनिक स्थल र मनाहीं गरिएको ठाँउको साथै अर्काको जग्गा समेत मिच्नु हुँदैन ।